नगर कार्यपालिकाको कार्यालय

डाईनियाँ, मोरङ

प.सं. २०८२/८३

च.नं.

कोशी प्रदेश, नेपाल

सुनवर्षी नगरपालिकाको १५ शैयाको अस्पताल निर्माण सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन तयारी सम्बन्धमा सार्वजनिक सुनुवाईको सूचना

प्रकाशन मितिः २०८२/१२/२५

सुनवर्षी नगर कार्यपालिकाको कार्यालय, डाईनियाँ, मोरङद्वारा निम्न बमोजिमको प्रस्ताव वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची ९ नियम ७(२) अनुसार कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावको नाम र ठेगाना	सुनवर्षी नगरपालिका, डाईनियाँ, मोरङ ईमेलः sunawarshimun@gmail.com; फोन नं.: ०२१-४३३०२५ ०२१-४३३०२६
प्रस्तावको व्यहोरा	प्रस्तावित आयोजना अन्तर्गत १५ शैयाको अस्पताल भवन निर्माण गरिनेछ, जसमा मुख्य अस्पताल भवन, शव गृह, क्यान्टिन तथा सुरक्षाका भवन लगायतका संरचनाहरू समावेश रहेका छन्। उक्त सबै संरचनाहरूको कुल निर्मित क्षेत्रफल ४४४७.६१ वर्गमिटर रहेको छ। यो निर्मित क्षेत्रफल वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची-१, नियम ३, उपनियम (च), बुँदा (२) अनुसार ३००० देखि ५००० वर्गमिटरको दायराभित्र पर्ने भएकाले संक्षिप्त वातावरणीय अध्ययन आवश्यक पर्ने देखिन्छ। त्यसैगरी, Nepal National Building Code NBC २०८:२००३ अनुसार १५ शैयाको अस्पतालमा दैनिक पानीको खपत करिब ५१०० लिटर हुने अनुमान गरिएको छ, जुन वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची-१, नियम ३, उपनियम (च), बुँदा (६) अनुसार ५००० देखि १०,००० लिटर प्रतिदिनको दायराभित्र पर्ने हुँदा यस आधारमा पनि उक्त आयोजना संक्षिप्त वातावरणीय अध्ययन आवश्यक पर्ने श्रेणीमा पर्दछ।
प्रभाव पर्न सक्ने जिल्ला/ न.पा.:	मोरङ जिल्ला, सुनवर्षी नगरपालिका, वडा नं ९;

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, स्थानीय तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले निम्न मिति, समय र स्थानमा हुने सार्वजनिक सुनुवाईमा उपस्थिति भइ राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने मिति, स्थान र समय

मिति	स्थान	समय
२०८२/१२/२६ (विहीबार)	झुम्रीदेवी ताल आसपास प्राङ्गणमा	बिहान ११:०० बजे

.....

हिमालय बराल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner